आर.वि.वि. सेक्युरिटीज कम्पनी लि.
R.B.B. SECURITIES COMPANY LTD.
A Subsidiary Company of Rastriya Banijya Bank Ltd.
टेलिफोन नं. ०१-५९२१८९५, ०१-५९२१८९६, Email Address : securitiesrbb@gmail.com

अनुसूची-१३
(नियम २९ को उपनियम (१) संग सम्वन्धित)

# कम्पनी वा संगठित संस्थाको परिचय विवरण
# Details of Legal Entities

## कार्यालय प्रयोजनका लागि मात्र (For Official Use Only)

| ग्राहक नं : Client's Account No. | मिति : Date : | संकेत नम्बर : Reference No: | Sanction/Blacklist/Screening No.: |
|---|---|---|---|

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसंग भर्नु पर्नेछ । आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please complete all details and strike out the non-applicable fields/boxes.

आर.वि.वि. सेक्यूरिटिज कम्पनी लिमिटेड
R.B.B. Securities Company Limited.
दरवारमार्ग, काठमाण्डौं ।
Durbarmarg, Kathmandu.

[DO NOT WRITE HERE]

| | |
|---|---|
| कम्पनीको नाम | Company's name (नेपाली) |
| Name of Legal entity | (ENGLISH) |
| प्रमुख कार्यकारी अधिकृतको नाम | CEO's name (नेपाली) |
| Chief Executive Officer's Name | ENGLISH |
| कम्पनी सचिबको नाम | नेपाली |
| Company Secretary's Name | ENGLISH |
| कम्पनी स्थापना मिति : Date of Incorporation: | बि.स.: B.S. : ✓ ई.स.: A.D. : ✓ |
| कम्पनीको किसिम : Types of Company (Tick one) | प्राइभेट लि. ☐ Pvt. Ltd. / पब्लिक लि. ☐ Public Ltd. / सरकारी स्वामित्व भएको ☐ Govt. Owned / अन्य ☐ Others .................. |
| कम्पनी दर्ता भएको देश: Country of Registration: | नेपाल ☐ Nepal / अन्य ☐ (नेपाल बाहेक अन्य देश भएमा उल्लेख गर्ने) : Others (Please mention if other then Nepal) : (Tick one) |
| दर्ता भएको ठेगाना: Registered Address: | Address ✓ |
| व्यावसायिक ठेगाना: Business Address: | " ✓ |

## कम्पनीको थप विवरण

| | | | |
|---|---|---|---|
| दर्ता गर्ने कार्यालय : Registration office: | ✓ | | |
| दर्ता नं. : Registration No.: | ✓ | दर्ता मिति : Registration Date: | ✓ |
| मूल्य अभिवृद्धि कर नं/स्थायी लेखा नं.: PAN No. /Vat Registration No.: | ✓ | दर्ता मिति : Registration Date: | ✓ |
| सहायक कम्पनी भएमा मुख्य कम्पनीको नाम र ठेगाना Name and Adress of Main Company in case of Subsidiary Company: | (optional) | | |
| कम्पनीको व्यवसायको किसिम Types of Business of the Company: | ✓ | कार्य क्षेत्र Area of Work: | ✓ |
| धितोपत्र बजारमा सूचिकरण भए नभएको : Listed or Not: | ✓ | सूचिकरण मिति : Listed Date: | ✓ |

## बैंक खाताको विवरण (Bank Account Details)

| | |
|---|---|
| बैंक खाताको किसिम Types of Bank Account | बचल खाता ☐ Saving Account (Tick one) चल्ती खाता ☐ Current Account |
| बैंक खाता नम्बर Bank Account No: | ✓ |
| बैंक खाता भएको बैंकको नाम र ठेगाना Name & Adress of Bank | ✓ |
| डिम्याट खाता नम्बर Demat Account No. | ✓ |

## कम्पनीको हालको ठेगाना (Current Address of Company)

| | | | | | |
|---|---|---|---|---|---|
| देश : Country : ✓ | | प्रदेश : Province : ✓ | | जिल्ला : District : ✓ | |
| गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा.: Rural Municipality/Municipality/ Sub Metropolitan city / Metropolitan city | | | ✓ | वडा नं. : Ward No.: | ✓ |
| टोल : Tole : | ✓ | टेलिफोन नं : Telephone No. : | ✓ | | |
| ईमेल : Email ID : | ✓ | वेबसाईट: Website: | ✓ | | |

## कम्पनी दर्ता हुदाँको ठेगाना (Permanent Adress of Company)

| | | | | | |
|---|---|---|---|---|---|
| देश : Country : ✓ | | प्रदेश : Province : ✓ | | जिल्ला : District : ✓ | |
| गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा.: Rural Municipality/Municipality/ Sub Metropolitan city / Metropolitan city ✓ | | | ✓ | वडा नं. : Ward No.: | ✓ |
| टोल : Tole : | ✓ | टेलिफोन नं : Telephone No. : | ✓ | | |
| ईमेल : Email ID : | ✓ | वेबसाईट: Website: | ✓ | | |

## संचालक, कार्यकारी प्रमुख, शेयरधनि (१०% भन्दा बढी सेयर भएको) हरूको विवरण (Details of Directors, CEO & Shareholders)*

*सबैले KYC Form भर्नु पर्ने ← [IMPORTANT]

| क.स.: S.N | नाम/थर: Name/ Surname | पद: Designation | पति/पत्नी को नाम: Spouse's Name | बाबुको नाम: Father's Name | बाजेको नाम: Grand Father's Name | स्थायी ठेगाना: Permanent Adress | हालको ठेगाना: Current Adress | टेलिफोन नं.: Telephone No. | मोबाईल नं.: Mobile No. | ईमेल ठेगाना: Email ID | पान नं.: PAN No. | शेयरहोल्डीङ% Shareholding % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Details of Directors, CEO & Shareholders (Above 10 %) ✓ | | | | | | | | | |

| विवरण Details | पहिलो सम्पर्क व्यक्ति First Contract Person | दोस्रो सम्पर्क व्यक्ति Second Contract Person |
|---|---|---|
| नाम Name | ✓ | ✓ |
| बुबाको नाम Father's Name | ✓ | ✓ |
| बाजेको नाम Grand Father's Name | ✓ | ✓ |
| पद Designation | ✓ | ✓ |
| हस्ताक्षर Signature | ✓ | ✓ |
| पासपोर्ट साइजको फोटो Passport Size Photo | Contact person PP size photo → | same |

## कार्यालय रहेको स्थान नक्शा Location Map

Sit Map

N

company's MAP

From main Road Street..............the distance of the Residence is .........Meters (approximately)

### धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. कम्पनी/संगठित संस्थाले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्वन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।
२. कम्पनी/संगठित संस्थाले धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकारी छ ।
३. कम्पनी/संगठित संस्थाले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छ ।
४. धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गर्नेछु ।
५. कम्पनी/संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छैन ।

माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । I/We hereby acknowledge that the above disclosed details are true. I/We further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us.

### संलग्न गर्नु पर्ने कागजात

१. कम्पनी/संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. कम्पनी/संगठित संस्थाको स्थाई लेखा नं प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपी ।
३. धितोपत्र कारोवार गर्न ग्राहक परिचय विवरण भर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रतिलिपी ।
४. कुनै नियमकारी निकायबाट अनुमतिपत्र प्राप्त गरेको भएमा सोको प्रतिलिपी ।
५. कर चुक्ता/दाखिला प्रमाणपत्रको प्रतिलिपि ।
६. अख्तियार प्राप्त व्यक्तिको फोटो तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

| | |
|---|---|
| आधिकारीक व्यक्तिको नाम : Name of Authorized Person : | first contact Person name ✓ |
| पद : Designation : | ✓ |
| हस्ताक्षार : Signature : | ✓ |

company's Stamp

कम्पनीको छाप : Company's Stamp :

## कार्यालय प्रयोजनका लागि मात्र (For Official Use Only)

रुजु गर्ने :

नाम थर :

पद :

हस्ताक्षर :

मिति :

For official use

कार्यालयको छाप

प्रमाणित गर्ने :

नाम थर :

पद :

हस्ताक्षर :

मिति :

Do not write anything

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण गर्ने सम्बन्धमा पेश गर्नुपर्ने विवरण र जोखिम व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी ईकाईले धितोपत्र सम्बन्धि ऐन २०६३ बमोजिम धितोपत्र व्यवसाय गर्न अनुमति प्राप्त कम्पनी वा संस्थालाई जारी गरेको निर्देशन संग सम्बन्धित :

## For Share Holder's Only

**ग्राहक परिचय विवरण:**

CEO/CHAIRMAN DETAILS

photo

(१) स्पष्ट नाम/थर/नेपालीमा :.......................................

(२) बाबुको नाम : .......................................

(३) बाजेको नाम : .......................................

(४) पति/पत्निको नाम : .......................................

(५) स्थायी ठेगाना : ........................ प्रदेश ........................ जिल्ला ........................ गा.पा./न.पा/म.न.पा. ............ वडा नं. ............ टोल ........................ ब्लक नं. ........................ पोष्ट बक्स नं. ........................ घर नं.

(६) अस्थायी ठेगाना : ........................ प्रदेश ........................ जिल्ला ........................ गा.पा./न.पा ............ वडा नं. ............ टोल ........................ ब्लक नं. ........................ पोष्ट बक्स नं. ........................ घर नं.

(७) ग्राहकको पेशा : ........................ पेशाको विवरण : ........................

(८) जन्म मितिः वि.सं ............ साल ........ महिना ........ गते/(ई.सं) ............ साल ........ महिना ........ गते

(९) टेलिफोन नं. ........................ मोबाईल नं. ........................ ईमेल ठेगाना ........................

(१०) नागरिकता नं. ........................ जारी मिति ........................ जारी गरिएको स्थान ........................

(११) स्थाई लेखा नं. (PAN) ........................

(१२) पासपोर्ट नं. ............ जारी मिति ............ जारी गरिएको स्थान ............ बहाल रहने अवधि ............

(१३) के तपाई उच्च पदस्थ व्यक्ति वा सो संग सम्बन्धित हुनुहुन्छ ?........................

मैले लगानी गरेको रकम (खरीद वा बिक्री) मेरो आफ्नै नेपालको कानून सम्मत आय आर्जनबाट प्राप्त भएको हो ।

नाबालकको फोटो

औंठाछाप
Thumb Print

दाँया (Right) | बाँया (Left)

माथी उल्लेखीत विवरणहरु ठिक साँचो छ । झुठा ठहरिउमा कानून वमोजिम सहुँला/बुझाउँला ।

दस्तखत : ........................ मिति : ........................

## अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू :

- फोटो
- नागरिकता/पासपोर्टको प्रतिलिपि
- नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थामा काम गर्ने कर्मचारी भए परिचय पत्रको प्रतिलिपि
- स्थायी लेखा नं. लिएको भए सोको प्रतिलिपि
- नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संरक्षणको नागरिकताको प्रतिलिपी
- विवाह दर्ता प्रमाणपात्रको प्रतिलिपी (विवाहित महिलाको हकमा)

**धितापत्र कारोबार संचालन विनियमावली २०७५ को विनियम १० संग सम्बन्धित**
**कारोबार सदस्य र ग्राहक बिचको सम्झौतापत्र**

आज ......Day...... बार मिति ......Date...... का दिन कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको कारोबार सदस्य रहेको दरवारमार्ग, का.म.न.पा.-१, काठमाण्डौमा रजिस्टर्ड कार्यालय भएको श्री आर.वि.वि.सेक्यूरिटिज कम्पनी लिमिटेड (उप्रान्त प्रथम पक्ष भनिनेछ)

तथा

प्रथम पक्ष मार्फत धितोपत्रको कारोवार गर्न/अनलाईन सुविधा प्रयोग गर्ने स्थायी लेखा नं. (PAN) ......PAN no....... हितग्राही खाता नम्वर ......BOID number...... तथा ग्राहक संकेत नम्वर (युनिक क्लाईन्ट कोड) ................ रहेको ...................................... श्री ...................................... को छोरा/छोरी वर्ष ................. को श्री ...................................... खाता रहेको बैंक नाम/ठेगाना Bank & Branch खाता नं. ......Account number......

वा

हितग्राही खाता नम्वर ...................................... तथा ग्राहक संकेत नम्वर (युनिक क्लाईन्ट कोड) ................ रहेको कार्यालयमा दर्ता भई रजिष्टर्ड कार्यालय ...................................... मा भएको श्री ...................................... ले (उप्रान्त दोश्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानुनी प्रतिनिधी समेतलाई जनाउने), वीच नेप्सेको कारोवार प्रणालीबाट कारोबार हुने विधि र आफैले कारोवार गर्ने सम्वन्धमा दोश्रो पक्ष संग आवश्यक ज्ञान रहेको मानी यो सम्झौता (उप्रान्त सम्झौता भनिने छ) सम्पन्न भएको छ।

**यस सम्झौतापत्रका पक्षहरु निम्नलिखित शर्तहरु पालना गर्न मञ्जुर छन्:**

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, विमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायतका नियमक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौताम उल्लेख भए सरह मानी सम्झौताका पक्षहरुले सोको पालना गर्न मञ्जुर गर्दछन ।

२. दोस्रो पक्षले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (केवाइसी) मा भरेको विवरणमा कुनै फेरवदल भए, फेरवदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ ।

३. दोस्रो पक्ष धितोपत्रको कारोवार गर्न कानून वमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहिमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामसाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोबार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ ।

४. दोस्रो पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा दोस्रो पक्षले परिवर्तन गरेको युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलव्ध गराउने छ। प्रथम पक्षले उपलव्ध गराएको वा सो पश्चात दोस्रो पक्षले परिवर्तन गरेको युजरनेम वा पासवर्डको गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

५. दोस्रो पक्षले विक्री कारोबार गर्दा मोज्दामा धितोपात्र रहेको वा रहने कुनै एक हीतग्राही खाता प्रथम पक्षलाई उपलव्ध गराउने छ र उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिने छैन । यदी एउटै खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिइ हुने जोखिमको जिम्मेवारी दोस्रो पक्षले लिने छ ।

६. दोस्रो पक्षलाई दिईएको युजरनेमबाट भए गरेको सम्पूर्ण कारोवारहरुको दायित्व बहन गर्ने तथा सोको समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

७. दोस्रो पक्षलाई प्रदान गरिएको युजरनेम प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारथ पक्ष र नेप्से समेतको सम्पत्तीमा कुनै हानी नोक्सानी भएमा सो प्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ ।

८. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरि वा प्रथम पक्षलाई आदेश दिई विक्री भएका धितोपत्रहरुको निर्देशन पूर्जी जारी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ । यसरी विक्री भएको धितो पत्रको हस्तान्तरण दोस्रो पक्षले टि+१ को १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोबारको राफसाफ हुन नसकेमा सो वाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्नेछ ।

९. दोस्रो पक्षले धितोपत्र विक्री गरिसकेपछि सो धितोपात्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलव्ध गराउनु पर्नेछ । आधार मूल्य समयमा उपलव्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उल्पन्न हुने कानूनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।

१०. दोस्रो पक्षले विक्री गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु त्या प्रथम पक्षले धितोपत्र खरीद विक्री सम्वन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृती दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ ।

११. दोस्रो पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिट तोकिएको सीमाभित्र रही गर्नु पर्नेछ । दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको ........... गुणा सम्म कारोवार लिमिट प्राप्त गर्न सक्नेछ । उक्त कारोवार सीमा दोस्रो पक्षले बुझाएमा रकमको चार गुणा भन्दा बढी हुने छैन ।

१२. दोस्रो पक्षले कारोवार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ ।

१३. दोस्रो पक्षले कारोवार प्रयोजनका लागि प्रथम पक्षलाई उपलव्ध गराएको रकम तथा धितोपत्र कारोवार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

१४. दुवै पक्षको आापसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई यस्तो कारोवार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवार योग्य धितोपत्रहरुको माध्यमवाट पनि गर्न स्क्ने छ । यस्तो धरोटी दोश्रो पक्षले आफनो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोश्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ ।

१५. कारोवार सीमा गणना प्रयोजनको लागि कारोवारयोग्य धितोपत्रको मूल्यांकन वजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिने छ । धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले दोश्रो पक्षलाई उपल्वध गराएको कारोवार सीमा दोश्रो पक्षलाई जानकारी गराई फेरवदल गर्न सक्नेछ ।

१६. खरीद कारोवारपछि बाँकी रहेको रकम खरीद बिल वमोजिम दोश्रो पक्षले टि+२ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । यसरी रकम उपलव्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको सो रकम समायोजन गर्ने सुविधा दोश्रो पक्षलाई हुनेछ ।

१७. खरीद कारोवार पश्चात दोश्रो पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्य पुरा नगरेमा टि+४ मा प्रथम पक्षले दोश्रो पक्षलाई जानकारी गराई दोश्रो पक्षकै नाममा खरीद गरिएको तथा जमानतमा लिइएको धितोपत्र विक्री, बैंक जमानतबाट लिइएको धितोपत्र विक्री, बैंक जमानतबाट रकम र सो को लागत वापत सोधभर्ना र नपुग रकम कानून वमोजिम असुल उपर गरि लिन सक्नेछ ।

१८. दोश्रो पक्षको धितोपत्र विक्री गरि प्रथम पक्षको लेना रकम असुलउपर गरि रकम बाँकी रहेमा दोश्रो पक्षको अग्रिम भुक्तानी बाँकी रहन गए धितोपत्र कारोवार संचालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

१९. दोश्रो पक्षले खरिद गरेको धितोपत्र खरिदवाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोवारको राफसाफको दिन मध्ये जुन पछि हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ ।

२०. दोश्रो पक्षको नामबाट कारोबार भए पश्चात दोश्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मानसिक सन्तुलन विग्रिएमा वा अन्य कुनै कारणबाट दोस्रो पक्षको नामवाट भएका कारोवारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोवारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ । कानूनी उत्तराधिकारीवाट पनि राफसाफ हुन नसकेमा प्रचालित कानून वमोजिम हुनेछ ।

२१. नियमक निकायहरुवाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोवारहरु स्वत रद्द हुनेछन । सो को दायित्व प्रथम पक्षले बहन गर्ने छैन ।

[Authorized Signatory]

२२. दोश्रो पक्ष नाबालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२४. दोश्रो पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ सो प्रतिनिधिबाट भएका सम्पूर्ण कारोवारहरु निज दोश्रो पक्षले नै गरे सरह मान्य हुनेछ ।

२५. धितोपत्रको कारोबार गर्दा धितोपत्रमा गरिने लगानीमा निहित रहेको जोखिम तथा प्रणालीगत जोखिमका बारेमा दोश्रो पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोश्रो पक्ष नै जिम्मेवार रहने छ ।

२६. दोश्रो पक्षले निम्न लिखित माध्यमबाट कारोबार आदेश दिन सक्नेछ ।

(१) स्वयम उपस्थित भई लिखित आदेश ।
(२) टेलिफोन ................................
(३) मोबाइल नं. ..............................
(४) ई-मेल ...................................
(५) दोश्रो पक्षको युजरनेम ..................................
(६) प्रथम पक्षको वेभसाइट ..................................
(७) अन्य विद्युतीय माध्यम ..................................

प्रथम पक्षले उल्लेखित माध्यमबाट आएकालाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताको आधारमा कारोवार प्रणालीमा आदेश प्रविष्ट गर्नेछ । नियम अनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथम पक्षले गर्न सक्नेछ ।

२७. दोश्रो पक्षको मार्जिन कारोबार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी शर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२८. दोश्रो पक्षले धितोपत्र कारोबार गर्दा उक्त धितोपत्र कारोबार गर्न प्रचालित कानून बमोजिम आफू योग्य रहेको र सो धितोपत्रमा आफूले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरिद आदेश प्रविष्ट गर्नुपर्ने छ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व दोश्रो पक्षको हुनेछ ।

२९. प्रचलित नीति नियममा उल्लेख भएनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयावधिभित्र प्रथम पक्षलाई बुझाउन दोश्रोपक्ष मञ्जुर गर्दछ । दोश्रो पक्षले प्रचलित कानून बमोजिम अवैधानिक नठहरीने रकमहरु मत्र धितोपत्रमा लगानी गर्नेपर्ने छ ।

३०. पक्षहरुबिच आपसी सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नुपूर्व पक्षहरुले आ-आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ ।

३१. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय संचालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोवार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ । यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३२. यस सम्झौतानुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा संचार तोकिएको माध्यमबाट दोस्रो पक्षको अद्यावधिक ठेगानमा पठाए पश्चात दोश्रो पक्षले जानकारी पाए सरह हुनेछ ।

३३. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोवार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्ने छैनन ।

३४. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक दोश्रों पक्षको गोपनियता कायम गर्नेछ ।

३५. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मतभिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार संचालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

३६. दोश्रो पक्षले देहायका सुविधा उपयोग गरे वापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ ।

- अनलाईन कारोवार सुविधा
- एसएमएस सुविधा
- अन्य

दोश्रो पक्षले उल्लिखित सुविधाहरु प्राप्त गर्न हरेक आर्थिक वर्षमा नविकरण शुल्क तिर्नुपर्नेछ ।

३७. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

३८. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट ............................... सम्म कायम रहने छ र दुवै पक्षको सहमतिबाट सम्झौता पुनः नविकरण हुन सक्नेछ ।

३९. यो सम्झौता राम्ररी पढी बुझी दुवै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं । हामी दुवै पक्षले यो सम्झौता एक एक प्रति लियौं/दियौं ।

**प्रथम पक्ष**
प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त [Do not
व्यक्तिको नाम :
दस्तखत : write Here]
कम्पनीको नाम/छाप : आर.वि.वि. सेक्युरिटिज कम्पनी लि.

**दोश्रो पक्ष**
प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त (ग्राहक)
व्यक्तिको नाम :
दस्तखत : [Authorized Signatory]
कम्पनीको नाम/छाप :

औठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

साक्षी :
१. ..................................................

साक्षी :
१. ..................................................

ईति संवत् ......................साल......................महिना..............गते.......:..............रोज शुभम्

अनुसूची-४
विनियम (२०) (१) संग सम्बन्धित
खरिद/बिक्री आदेश-पत्र

आर.वि.वि. सेक्यूरिटिज कम्पनी लिमिटेड
सदस्य संकेत नं. ९७
दरबारमार्ग, काठमाण्डौं ।

दर्ता नं. :-
मिति :-
समय :-

महाशय,

म/हामीलाई निम्न धितोपत्र खरीद/बिक्री गर्नु परेको हुँदा मेरो/हाम्रो नाममा .................... दिन भित्र खरीद/बिक्री गरी दिन अनुरोध गर्दछु/गर्दछौं । उक्त धितोपत्र खरीद/बिक्री गरिदिए वापत नियमानुसार कारोबार कमिशन, सेवा शुल्क र पूँजीगत लाभ कर दिन मेरो/हाम्रो मञ्जुर छ । कथमकदाचित उक्त धितोपत्र मैले/हामीले लिन इन्कार गरेमा त्यसबाट हुने हानी नोक्सनी व्यहोर्न तयार छु/छौं । कम्पनी ऐन, २०६३ बमोजिम म/हामी वा मेरो/हाम्रो नजिकको नातेदार उक्त कम्पनी वा उक्त कम्पनीको सहायक कम्पनीमा संचालक, प्रबन्ध संचालक, लेखा परिक्षक, कमपनी सचिव वा व्यवस्थापक तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न छैन ।

| संगठित संस्थाको नाम | धितोपत्रको किसिम | संख्या | खरीद/बिक्री/मूल्य प्रति धितोपत्र |
|---|---|---|---|
| | | | |

**खरीद/बिक्री आदेश दिनेको नाम :**
दस्तखत : [Authorized signatory]
ठेगाना : ✓
बाबुको नाम :
पती/बाजेको नाम :

ना.प्र.नं./पान नं. : ✓
जन्म मिति (इस्वी संवतमा) :
जारी स्थान : ✓
मोबाईल नं. : ✓
टेलिफोन नं. : ✓
ग्राहक संकेत नं. :

**द्रष्टब्य : खरीद/बिक्री मूल्य सम्बन्धमा देहायका कुनै एक उल्लेख गर्नुपर्नेछ ।**
क) निश्चित मूल्य रु.
खरिद मूल्य रु.

ख) न्यूनतम मूल्य/अधिकतम मूल्य रु.
कारोवार नं.

ग) दलालको उपयुक्त ठानेको मूल्य रु.
मिति :

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

**विषय :- मञ्जुरीनामा दिएको बारे ।**

.................................................. कम्पनीको शेयर ........................................ कित्ता खरिद/बिक्री गरे वापत पाउने शेयर प्रमाण-पत्र/रकम बुझिलिन म/हामी आफु स्वयम् उपस्थित हुन नसक्ने भएकोले निम्न दस्तखत भएको श्री .............................................................................. लाई मञ्जुरीनाम दिएको छु/छौं । मैले/हामीले पाउने शेयर प्रमाण-पत्र/रकममा नियामानुसार लाग्ने कारोबार कमिशन, सेवा शुल्क र पूँजीगत लाभकर कट्टीगरी निज हस्ते दिनु भएमा मेरो मञ्जुरी छ । यसमा कुनै उजुर बाजुर गर्ने छैन । गरेमा यसै कागजद्वारा बदर गरी दिएमा मेरो/मञ्जुरी छ ।

मञ्जुरीनामा दिनेको
दस्तखत : ....................
नाम : ..........................
मिति : .........................

कारोवार नं. ...............................
करार नं. ...................................
शेयर प्रमाण-पत्र नं. .....................

.............................
(दस्तखत नमूना)
मञ्जुरीनामा लिनेको